# गाउँ कार्यपालिकाको कार्यालय

गोइठी, सप्तरी
प्रदेश नं. २, नेपाल

.सं. : २०७६/७७
.नं. १११९

मिति : २०७७/०३/१५

**विषय : योजना छनौट गरी पठाउने सम्बन्धमा ।**

**श्री वडा कार्यालय, सबै**
**तिरहुत गाउँपालिका, सप्तरी ।**

प्रस्तुत विषयमा यस तिरहुत गाउँ कार्यपालिकाको मिति २०७७०३।१५ गतेको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति बैठकको निर्णय अनुसार आ.ब. २०७७०७८ मा संचालन गरिने वडा स्तरीय योजनाहरु छनौट गर्न वडा स्तरीय सिलिंग रु. ८५,००,०००।०० (अक्षरेपी रु. पचासी लाख) को परिधि भित्र रही यसैपत्र साथ सलंगन राखी पठाईएको मार्गनिर्देशनको अधिनमा रही मिति २०७७०३।१६ गते देखी मिति २०७७०३।१८ गते भित्र योजनाहरु छनौट गरी यस कार्यालयमा पठाईदिन हुन अनुरोध छ ।

२०७७/०३/१५

(निरज कुमार देव)
प्रमुख प्रशासकिय अधिकृत

# आ.व. २०७७/०७८ को बजेट सिलिङ्ग तथा मार्गदर्शन

वडा नं.

१. योजना तर्जुमाका प्राथमिकता निर्धारण तथा प्रक्रियाहरु (स्थानीय सरकार संचालन ऐन , २०७४ को परिच्छेद ६ दफा २४ (३) बमोजिम योजना तर्जुमा तथा कार्यान्वयन

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्रप्त गर्न सकिने,
ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
घ) स्थानीय बासीन्दाहरुको सहभागिता जुट्ने, स्वंयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
ङ) स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
ज) दिगो विकास,वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
झ) भाषिक तथा साँस्कृतिकपक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउँ पुऱ्याउने ।

२. गाउँपालिकाबाट थप योजना तर्जुमाका आधाहरु:

क) वडास्तरीय

वडास्तरीय योजना भन्नाले वडाभित्रका एक वस्ती र अर्को वस्ती/टोललाई प्रत्यक्ष फाइदा पुग्ने खालका पूर्वाधार तथा सामाजिक विकासका कार्यक्रमहरु बुझ्न पर्नेछ ।

- आगामी आ.व. २०७७०७८ को लागि पूँजिगत तर्फ रु.८५,००,०००। (पचासी लाख मात्र )वराबर वडागत बजेट सिलिङ्ग पठाइएको छ ।
- वडा स्तरीय बजेट सिलिङ्गबाट योजना छनौट गर्दा देहाय बमोजिम योजना छनौट गर्नुपर्नेछ ।

  १.पूर्वाधार विकास तर्फ (सडक, पुल सिंचाई, भवन तथा सहरी विकास, सञ्चार) ९०%

  २. बाँकी १०% लाई १००% मानि देहाय बमोजिम योजना छनौट गर्नु पर्नेछ ।

  क) आर्थिक विकास तर्फ २५% ।

  ख) सामाजिक विकास तर्फ ६०% (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण)

  ग) वातावरण तथा विपत व्यवस्थापन (वन भू-संरक्षण, वातावरण संरक्षण, जलाधार संरक्षण, जल उत्पन्न, प्रकोप नियन्त्रण) १५% ।

- वडा स्तरिय बजेट सिलिङ्गबाट संचालन गरिने भौतिक पूर्वाधार विकास तर्फका आयोजनाहरु कम्तिमा ५ लाख वा सो भन्दा माथिका ठोस आयोजना छनौट गर्नु पर्नेछ ।

- वडा भित्र रहेका वडाले सञ्चालन गर्नु पर्ने अधुरा क्रमागत (भवन, कल्भर्ट, सिंचाई, खानेपानी आदि) जस्ता आयोजनाहरु । यदि अधुरा आयोजनाको हकमा चालू आ.व. मा नै सम्पन्न हुने योजना छनौट गर्ने,।
- सबै सरोकार पक्षहरुको समन्वय र सहयोगमा सार्वजनिक बाँझो तथा पर्त्ति जग्गाहरुमा अभियानकै रुपमा वृक्षरोपन गर्ने जस्ता कार्यक्रमहरुलाई जोड दिने ।

प्रमुख प्रशासकीय अधिकृत

- गा.पा स्तरीय योजनाहरु छनौट गरी पठाउँदा एक वडा एक आयोजना पर्ने गरी वडाबाट वढीमा ३ वटा सम्म गा.पा स्तरीय योजना सिफारिस गर्न सकिनेछ । प्रदेश र केन्द्र स्तरम माँगगर्ने योजनाहरु वढीमा एक वडाबाट ५ वटा सम्म सिफारिस गर्न सकिनेछ ।
- गा.पा स्तरीय योजनाहरुको हकमा अधिकतम लागत सहभागिता जुटने योजना वा कार्यक्रमहरुलाई विशेष प्राथमिकतादिइने ।
  - ➢ वातावरणिय सरसफाई तथाफोहर व्यवस्थापन
  - ➢ पर्यटन प्रवर्द्धन तथासिमसार व्यवस्थापन
  - ➢ आयआर्जन र सिपविकास ।
  - ➢ व्यवसायिक उचमसिलता विकास ।
  - ➢ गा.पा स्तरीय महत्वका र खुल्ला प्रकृतिका पूर्वाधार सम्बन्धी कार्यक्रमहरु ।
  - ➢ विपद व्यवस्थापन र विपद निरोधात्मक कार्यक्रमहरु ।
  - ➢ जैविक विविधताको संरक्षण सम्बन्धित कार्यक्रमहरु ।
  - ➢ महिला लक्षितउद्यम विकाससंग सम्बन्धित कार्यक्रमहरु ।
  - ➢ सामुदायिक विकास अभियानका क्रियाकलापहरु ।
  - ➢ स्वास्थ्य विमा सम्बन्धी कार्यक्रमहरु ।

३. योजना तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ६ को दफा ४ देखि ६ सम्मतथा बजेट तर्जुमा दिग्दर्शनको, २०७४ को दफा ४.४ बमोजिम निम्न प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछः

क) गाउँपालिकाले योजना बनाउँदा मध्यम तथा दिर्घकालिन प्रकृतिका योजनाको सूचि समेत तयार गर्न पर्नेछ ।

ख) गाउँपालिकाले योजना तर्जुमा तथा कार्यन्वयन गर्दा स्थानिय बुद्धिजिवी, विषयविज्ञ, अनुभवि, पेशाविद, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, आदिवासी जनजाति, दलित, यूवा, अल्पसंखयक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सरोकारवालाहरुको अधिकतम सहभागिता गर्नु पर्नेछ ।

ग) योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्यनको आधारमा श्रोत साधनको पूर्वानुमान, आयोजनाको प्रथमिकिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्न पर्नेछ ।

घ) वडा समितिले प्रप्त आयोजना/कार्यक्रमहरुको प्रथमिकिकरण मापदण्डको आधारमा टोल वा वस्ती स्तरबाट प्राप्त कार्यक्रमहरुलाई निम्नानुसारका विषयगत समिति अनुसार छुट्याई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारीस गरी पठाउनु पर्नेछ ।

ङ) वडा समितिले वस्ती स्तरबाट माँग नभएका तर गा.पा स्तरमा महत्वपूर्ण देखिएका आयोजना वा कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्रथमिकिकरणको सूचिमा रखी पठाउनु सक्नेछ ।

च) साथै चालू आ.व. २०७७।०७८ को विषयगत क्षेत्रको बजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन सम्बन्धमा नेपाल सरकारको स्थानीयतह संचालन ऐन, २०७४ माउल्लेख भएका बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनहरुलाई नै आधार मानिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

- टोल वस्ती नजिक रहेका सार्वजनिक [illegible] झील उद्यान, खेल मैदान निर्माण र खुल्ला क्षेत्र संरक्षण गर्न योजना तर्जुमा गर्ने ।
- कृषि क्षेत्रको उत्पादनमूलक कार्यक्रमहरु (पशुपालन, कुखुरापालन, व्यवसायिक तरकारी खेति, साना सिंचाई अयोजना, कृषि उपज संकलन केन्द्र निर्माण, कृषि हाट बजार व्यवस्थापन, आधुनिक कृषि प्रविधि विस्तार तथा प्रसार जस्ता) लाई सम्बन्धित क्षेत्रका लागि योजना तर्जुमा गर्दा जोड दिने ।
- पूर्वाधार विकासका योजनाहरुमा संरचना निर्माण १०%, ग्राभेल, तथा माटोको कामको हकमा कूल लागतको न्यूनतम २०% जन सहभागिता अनिवार्य जुटाउनु पर्नेछ ।
- वडा केन्द्र वा वडाको महत्वपूर्ण बजार क्षेत्रको भौतिक तथा पर्यावरणिय सुदृढीकरण गर्ने योजनाहरु,
- वडा स्तरीय बजेटबाट लक्षित वर्ग र सामुदायलाई लाभपुग्ने योजना/कार्यक्रमहरु वडास्तरिय योजनामा नै समावेश गर्नु पर्ने । यस्ता प्रकृतिका कार्यक्रम आयआर्जन, सिप विकास र स्वरोजगार सृजना गर्ने खालका हुनु पर्नेछ ।
- वडा स्तरीय योजनामा विषयगत क्षेत्र (कृषि, पशु, सिंचाई , खानेपानी, वन, महिला विकास, स्वास्थ्य आदि) समेटने कार्यक्रमहरु छनौट गर्ने, गरिवी निवारण हुने प्रकृतिका आय आर्जनलाई वढावा दिई स्वरोजगार हुने कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने ।
- महिला उद्यम शिलतालाई जोड दिने ।
- सूचना मैत्री एक वडा एक सूचना केन्द्र, बाल मैत्री, वातावरण मैत्री, लैङ्गिक अवधारण मैत्री अवधारणालई सघाउ पुऱ्याउने प्रकृतिका कार्यक्रमहरुलाई प्राथमिकता दिने । पूर्ण सरसफाईका चरणहरु खुल्ला दिशामुक्त घोषण पश्चात टेवापुग्ने खालका कार्यक्रमहरुलाई जोड दिने ।
- फोहोर मैला व्यवस्थापनलाई सघाउँ पुग्ने योजना तथा कार्यक्रमहरु हुनु पर्ने ।
- स्थानीय श्रोत साधन र सिप उपयोगमा बढावा दिने कार्यक्रमहरुलाई प्रथमिकता दिने ।
- बैकल्पिक उर्जा, सुधारिएको चुलो प्रवर्द्धनका कार्यक्रमहरु, भाष संस्कृतिकल, साहित्य संरक्षण र विकासमा सहयोग पुग्ने कार्यक्रमहरु यूवा परिचालन, किशोर किशोरी शिक्षा र खेलकुद विकास र प्रवर्द्धनमा सहयोग पुग्ने कार्यक्रमहरु ।
- एक वडा एक पहिचानमा आधारित कार्यक्रमहरु ।
- वडालाई कायम गरेको बजेट सिलिङ्ग भित्र समेटन नसकिएका वडा स्तरिय योजना तथा कार्यक्रमहरुलाई प्रथमिकताका आधारमा वडा स्तरिय योजनामा संलग्नगर्न पठाउनु पर्नेछ ।
- कोभिड- १९ मा खटिने स्वास्थ्यकर्मीलाई तथा अन्य जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पन्जा, सेनिटाइजर, पिपिई) हरुको अभाव नहुनेगरी बजेट व्यवस्थापन गर्ने ।
- कोभिड- १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गर्नहुन ।

ख)गा.पा स्तरीय योजना

दुई वा सो भन्दा वढी वडाहरुलाई फाईदा पुग्ने पूर्वाधार तथा सामाजिक विकासका योजनाहरु गा.पा स्तरीय योजनाहरुलाई बुझाउँछ ।

प्रमुख प्रशासकीय अधिकृत